हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मती २०७७।०९।१७

## कार्यपालिका वैठकको कार्यसुची र छलफलका लागि पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्तावको संक्षिप्त ब्यहोरा | सान्दर्भीक कुरा | प्रस्तावको कारण सम्वन्धीत शाखाको राय | निर्णय हुने पर्ने ब्यहोरा |
|---|---|---|---|---|
| १ | ठेक्का म्याद थप सम्वन्धमा | आधारभुत स्वास्थ्य केन्द्र बर्थिंग सेन्टरको भवन निर्माणमा कोभिड र वर्षाको कारणले समयमा हुन नसकेको र हयुमपाइप तथा वक्स कलभर्ट | | एन.सि.वी. १२ ठेक्का जितेन्द्र निर्माण सेवा मलंगवा १० को ३ महिना म्याद थप गर्ने (माध, फागु र चैत्र मसान्त सम्म) र ऊँ साई निर्माण सेवा प्रा.ली. हरिपुरको माघ मसान्त सम्म |
| २ | क्याम्पसलाई अनुदान रकम दिने सम्वन्धमा | क्याम्पसको निवेदन, लेखा परिक्षण प्रतिवनेद | विल भर्पाइ अनुसार पेश्की दिन मिलने | महावीर जनता वहुमुखी क्याम्पसलाई रकम दिने निर्णय गर्न |
| ३ | रकम भुक्तानी सम्वन्धमा | निवेदन, विल भर्पाई | विल भर्पाइ अनुसार भुक्तानी दिने | सागर ट्रयाक्टर सपेयर पार्टसलाई रकम भुक्तानी निर्णय गर्न |
| ४ | बर्थिंगसेन्टर तथा स्वास्थ्य चौकीहरुलाई प्रशासनिक खर्च उपलब्ध गराउने सम्वन्धमा | वडा कार्यालयको सिफारिस तथा स्वास्थ्य चौकीको निवेदन | स्वास्थ्य शाखाको सिफारिस | बर्थिंगसेन्टर तथा स्वास्थ्य चौकीहरुलाई प्रशासनिक खर्च उपलब्ध गराउने निर्णय गर्न |
| ५ | फरहदवा स्वास्थ्य चौकीको कम्पाउण्डवाल निर्माण सम्वन्धमा | स्वास्थ्य चौकीको कम्पाउण्डवाल भत्केको र स्वास्थ्य व्यवस्थापन समितिको निर्णयको माग | वडा कार्यालयको सिफारिस पत्र | फरहदवा स्वास्थ्य चौकीको कम्पाउण्डवाल निर्माण निर्णय गर्न |
| ६ | "घ" वर्ग इजाजत प्रदान गर्ने सम्वन्धमा । | निवेदन तथा | कागजपत्र तथा निर्माण व्यवशायी समितिको निर्णय | अंकुश हेभलपर्स प्रा.लि. हरिपुरलाई "घ" वर्ग इजाजत प्रदान गर्न निर्णय गर्न |
| ७ | जुटपानी मुसहर टोलको शौचालयको सरसफाई सम्वन्धमा | वडा कार्यालयको सिफरिस, | | जुटपानी मुसहर टोलको शौचालयको सरसफाईको लागि सरसफाई कार्यक्रमबाट मासिक रु. २००० का दरले उपलब्ध गराउने निर्णय गर्न |

जमिरुद्दिन मंसुर
नगर प्रमुख

मिती २०७७।०९।१७

| | | | | |
|---|---|---|---|---|
| ८ | सडक बोर्डको कार्यक्रम सम्वन्धमा | सडकबोर्डको परिपत्र अनुसार | कृषि उत्पादन वजार पुर्याउन सजिलो हुने कृषि सडक | सडक बोर्डको कार्यक्रम छनौट गर्ने सम्वन्धमा |
| ९ | राम भजन किर्तन मण्डललीलाई सामाजिक सहयाता सम्वनधमा | निवेदन | धर्मसंस्कृति जोगाउन | राम भजन किर्तन मण्डललीलाई सामाजिक सहयाता निर्णय गर्न |

प्रस्ताव पेश गर्ने प्रमुखवाट स्वीकृती

मिति : २०७७०९।१४

दस्तखत :

जमिरुद्दिन मंसुर
नगर प्रमुख

आज मिती २०७७ साल पुस महिनाको १७ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क्र स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेख | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

मिती २०७७।०९।१७

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. ठेक्का म्याद थप सम्वन्धमा
२. क्याम्पसलाई अनुदान रकम दिने सम्वन्धमा
३. सागर ट्र्याक्टर स्पेयर पार्टसलाई रकम भुक्तानी सम्वन्धमा
४. बर्थिंगसेन्टर तथा स्वास्थ्य चौकीहरुलाई प्रशासनिक खर्च उपलब्ध गराउने सम्वन्धमा
५. फरहदवा स्वास्थ्य चौकीको कम्पाउण्डवाल निर्माण सम्वन्धमा ।
६. "घ" वर्ग इजाजत प्रदान गर्ने सम्वन्धमा ।
७. जुटपानी मुसहर टोलको शौचालयको सरसफाई सम्वन्धमा ।
८. सडक बोर्डको कार्यक्रम सम्वन्धमा ।
९. राम भजन किर्तन मण्डललीलाई सामाजिक सहयाता सम्वनधमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको ठेक्का म्याद थप सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको एन.सि.वी. १२ आधारभुत स्वास्थ्य केन्द्र बर्थिंग सेन्टर हरैयाको ठेकेदारको यस कार्यालयमा म्याद थप सम्वन्धी निवेदन दर्ता हुन आएकोले २०७७ पौस मसान्त सम्म ठेकाको म्याद भएकोले म्याद भित्र कोभिड १९ महामारी र वर्षाको कारणले समयमा काम नसकिएकोले देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो । साथै एन.सि.वी. १८ को हयुमपाइप वक्स कलभर्ट निर्माण हरिपुर ९ ढावटोलको म्याद थप गर्ने र ऊँ साई निर्माण सेवा हरिपुरले हयुमपाइप वक्स कलभर्ट निर्माण हरिपुर ९ ढावटोलको निर्माण कार्य भईरहेकोले म्याद थप गर्न छुट भएकोले देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो र ऊँ साई निर्माण सेवालाई प्राविधिक कार्य सम्पन्न र प्रतिवेदनको आधारमा आ.व. २०७७।०७८ का छैठौं नगरसभाको पेज नं. ७ को सि.नं. २३ मा निर्मित सार्वजनिक सम्पती मर्मत सम्भार खर्च खर्च शिर्षक नं. २२२३१ मा १०००००० ।०० विनियोजन भएको मध्येबाट रकम रु. ७९,४३०।०४ (उन्नासी हजार चार सय तिस पैसा चार) भ्याट सहित भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का नं. | योजनाको विवरण | लागत अनुमान | ठेक्काको अंक | सम्झौता अवधि | म्याद थप अवधी | म्याद थप कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १२ | आधारभुत स्वास्थ्य केन्द्र (बर्थिंग सेन्टर) | ४०३४६८०।५५ | २४९२४४०।७२ | २०७७ असार २० गते सम्म | २०७८ वैसाख मसान्त सम्म | कोभिड १९ को माहामारी र वर्षा | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०९।१७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १८ | बक्स कलभर्ट निर्माण हरिपुर ९ ढावटोल | १९९०७९०१४ | | २०७७ असार मसान्त सम्म | २०७७ पुस मसान्त सम्म | कोभिड १९ को माहामारी र वर्षा | |

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको क्याम्पसलाई अनुदान रकम दिने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ श्री महावीर जनता वहुमुखी क्याम्पस हरिपुर, सर्लाहीलाई आ.व. २०७७।०७८ को छैठौं नगरसभाको पेज नं. १० मा खर्च शिर्षक २५३११ को हरिपुर नपा २ अन्तर्गतको महावीर जनता क्याम्पसलाई क्याम्पस अनुदानमा रकम रु. ६,००,०००।०० विनियोजन भएकोमा महावीर जनता बहुमुखी क्याम्पस हरिपुर सर्लाहीको प.सं. २०७७।०७८ मिति २०७७।०९।०८ गते च.नं. १४ को पत्र क्याम्पस ब्यवस्थापन समितिको मिति २०७७।०६।२२ गतेको निर्णय र आ.व. २०७६।०७७ को लेखापरिक्षण प्रतिवेदन, क्याम्पस प्रगति विवरणको आधारमा रकम रु. ६,००,०००।०० अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सागर ट्रयाक्टर स्पेयर पार्टसलाई रकम भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको ना. १ भ ७२८ नम्वरको जे.सि.वी. विग्रिएकोले मर्मत सम्भार गरी ल्याएको र विल अनुसारको रकम रु. १,६८,३७०।०० (भ्याट सहित) आ.व. २०७७।०७८ छैठौं नगरसभाको पेज नं. ७ सि.नं. २२ खर्च शिर्षक नं. २२२२१ मा मेशनरी तथा औजार मर्मत सम्भार खर्चमा रकम रु. ६,००,०००।०० विनियोजन भएको रकम मध्येबाट सागर ट्रयाक्टर स्पेयर पार्टसलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको बर्थिंगसेन्टर तथा स्वास्थ्य चौकीहरुलाई प्रशासनिक खर्च उपलब्ध गराउने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत बर्थिंग सेन्टर तथा स्वास्थ्य चौकीहरुलाई प्रशासनीक खर्च छैठौ नगरसभाको पेज नं. ११ को सि.नं. ६३ मा औषधी तथा स्वास्थ्य उपकरण खरिद कार्यक्रमको खर्च उपशिर्षक २७२१३ मा रकम रु. २७,००,०००।०० विनियोजन भएको मध्येबाट रकम रु. १,७५,०००।०० देहाय अनुसारको दरले बर्थिंग सेन्टर तथा स्वास्थ्य चौकीलाई अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

मिती २०७७।०९।१७

१. प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर : रु. ३०,०००।००

२. लक्ष्मीपुर स्वास्थ्य चौकी : रु. २५,०००।००

३. स्वास्थ्य चौकी, जानकीनगर, फरहदवा र पिडारी : २०,०००।०० का दरले रु. ६०,०००।००

४ आधारभु स्वास्थ्य सेवा केन्द्र, वडा नं. ४, वडा नं. ५, वडा नं. ७ र वडा नं. ८ : १५,०००।०० का दरले ६०,०००।००

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको फरहदवा स्वास्थ्य चौकीको कम्पाउण्डवाल निर्माण सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ३ फरहदवा स्वास्थ्य चौकीको कम्पाउण्डवाल वर्षाको वेलामा भत्केको हुँदा खुला भएकोले स्वास्थ्य चौकीमा जथाभावी पशुजन्य तथा जनावरहरु पस्ने गरेकोले उक्त भत्केको कम्पाउण्डवाल निर्माण गर्न यस नगरपालिकाको आ.व. २०७७।०७८ छैठौ नगरसभाको पेज नं. ७ को सि.नं. २३ मा निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्चमा रकम रु. १०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट प्राविधिक लागत अनुमान र मुल्यांकन तथा कार्यसम्पन्नको आधारमा वालकम्पाउण्ड निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको "घ" वर्ग इजाजत प्रदान गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारीको अंकुश डेभलपर्स प्रा.लि. हरिपुर-९ लाई "घ" वर्गको निर्माण ब्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको जुटपानी मुसहर टोलको शौचालयको सरसफाई सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ जुटपानीको मुसहर वस्तीमा रहेको सार्वजनिक शौचालयमा सरसफाई र रेखदेख गर्न एक जना सरसफाई कर्मीको आवश्यकता भएकोले यस नगरपालिकाको आ.व. २०७७।०७८ को छैठौ नगरसभाको पेज नं. १३ को सि.नं. ८६ मा खानेपानी तथा सरसफाई कार्यक्रम खर्च शिर्षक नं. ३११५५ मा रकम रु. ९,५०,०००।०० विनियोजन भएको रकम मध्ये मासिक रु. २०००।०० दरले खर्च गर्ने गरी राख्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही

मिती २०७७।०९।१७

**निर्णय नं. ८**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सडक बोर्डको कार्यक्रम सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट संचालनको लागि देहायका योजनाहरु स्वीकृत गर्ने र उक्त योजना उपभोक्ता समितिबाट संचालन हुने नगरप्रमुखज्यूको अध्यक्षतामा गठन भई आएको उपभोक्ता समितिसँग सम्झौता गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो । साथै उपभोक्ता समितिको श्रम लागत सहभागिता गर्ने भनि निर्णय गरियो ।

| क.सं. | योजाको नाम | योजनाको ठेगाना | लागत सहभागिता | | | | संचालन हुने प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड ७० प्रतिसत | नगरपालिका १८ प्रतिशत | उपभोक्ताको जनश्रमदान १२ प्रतिशत | कुल जम्मा | | |
| १ | सडक ग्राभेल तथा मर्मत सम्भार | हरिपुर वडा नं. ~~१~~ १ र ६ ~~जानकीनगर~~ मुसाफिर डोमको घर देखि लखनदेही नदी सम्म सडक मर्मत सम्भार र ग्राभेल | १४००००० | २५२०००० | १६८००० | १८२०००० | उपभोक्ता समिति मार्फत | |
| २ | सडक ग्राभेल तथा मर्मत सम्भार | हरिपुर वडा नं. ७ र ६ नहर देखि दक्षिण लक्ष्मीपुर कोद्राहा पिच सडक सडक सम्म मर्मत सम्भार र ग्राभेल | ११००००० | १९८००० | १३२००० | १४३०००० | उपभोक्ता समिति मार्फत | |
| | | जम्मा | २५००००० | ४५०००० | ३००००० | ३२५०००० | | |

**निर्णय नं. ९**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको राम भजन किर्तन मण्डलीलाई सामाजिक सहयाता सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. १ मा राम भजन किर्तन मण्डलीलाई यस नगरपालिकाको आ.व २०७७।०७८ को छैठौ नगरसभाको पेज नं. ११ सि.नं ६० मा सामाजिक संस्था सहायता खर्च शिर्षक नं. २६४१३ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. २०,०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।